फोन नं.:- ०१-४२००२५८,४२००२५७
४२००१०५, ४२००२०३
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः- ०८२।०८३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ८६

सिंहदरवार,
काठमाडौं, नेपाल।
मितिः २०८३।०३।२४
नेपाल सम्वत् ११४६,

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

**विषयः विपद् सम्पर्क नम्बर परिवर्तन भएको सम्बन्धमा।**

तहाँ जिल्लास्थित जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) मा कल सेन्टर स्थापना गरी चौबिसै घण्टा सञ्चालनको व्यवस्था मिलाइएकै छ। उक्त कल सेन्टरमा विपद्सम्बन्धी सूचना, समस्या, गुनासो र सुझावका सम्बन्धमा सेवाग्राहीले सम्पर्क गर्दा साविकमा केन्द्रीयस्तरबाट नै सञ्चालन भइरहेको सम्पर्क नम्बर ११४९ मा सम्पर्ककर्ता रहेको जिल्लाकै (काठमाडौं, भक्तपुर र ललितपुरबाहेक) जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) मा सम्पर्क हुने गरी Routing गरी टोल-फ्री हुने व्यवस्थासमेत गरिएको व्यहोरा विदितै छ। सोसम्बन्धमा विपद्को अवस्थामा नागरिकले सम्पर्क गर्नुपर्ने नम्बर सरल र सहजै सम्झनसकिने बनाउन हालको ११४९ लाई परिवर्तन गरी १२३४ बनाइएको हुँदा विपद्सम्बन्धी सूचना, समस्या, गुनासो र सुझावका लागि विपद् सम्पर्क नम्बर १२३४ मा निःशुल्क सम्पर्क गर्न सकिने विषयलाई वेबसाइट, सञ्चारमाध्यम, सूचनापाटी लगायतका सबै माध्यमबाट जिल्ला, पालिका, वडा तथा समूदायस्तरसम्मै व्यापक प्रचारप्रसार गर्नु/गराउनुहुन प्रचारप्रसारको लागि नमूना टेम्प्लेट यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ। साथै आगामी दिनमा सेवाग्राहीबाट १२३४ मा आउने फोन र त्यस मार्फत आउने सूचना, गुनासोको उचित सुनुवाई तथा व्यवस्थापन गर्दै जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) लाई प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था हुन समेत अनुरोध छ।

..............................
(खेमराज कोइराला)
शाखा अधिकृत

**सादर अवगतार्थः**
माननीय मन्त्रीज्यूको सचिवालय, सिंहदरबार, काठमाडौं।
श्रीमान् सचिवज्यूको सचिवालय, सिंहदरबार, काठमाडौं।

**बोधार्थः**
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं।